# ४ बालबालिकाहरुलाई येशूको अनुशासित बनाउनु

*यस अध्यायका मूल पदहरू:* भजन १२७:३-५, व्यवस्था ६:६,७, लूका २:४०-५२, व्यवस्था ६:६, लूका २:४०-५२, मत्ती १८:१-६, १०-१४, मर्कूस १०:१३-१६।

*स्मरण गर्नुपर्ने पद:* "के तिमीहरूले ती बालबालिकाहरूले उठाइ रहेको आवाज सुनिरहेका छौ?" तिनीहरूले जवाफ सुन्छौं भनेर जवाफ दिए। "के तिमीहरूले धर्मशास्त्रमा कहिल्यै पनि पढेनौं? त्यसमा लेखिएको छ, "बालबालिका र दुधे बालकहरूले तपाईंको स्तुति गरोस् भनेर तपाईंले निश्चय गर्नुभएको छ।" (मत्ती २१:१६ रूपान्तरित)।

संसारमा प्रचार गर्ने क्रममा र प्रत्येक राष्ट्रमा येशूभक्त बनाउने प्रक्रियामा हामीले बालबालिकाहरूलाई कहिल्यै विर्सनुहुन्न। प्रायजसो इसाईहरू जवान वा बालकालिकाकै उमेरमा ख्रीष्टलाई आफ्नो जीवन दिएको हुन्छ भनेर विभिन्न अनसुन्धानहरूबाट देखाइएको छ। उमेर पाको भएपछि कमैको जीवन ख्रीष्टलाई समर्पण गरेको हुन्छ। प्रचारप्रसार गर्ने योजनामा कतिपय चर्चहरूले त्यस महत्त्वपूर्ण तथ्यदेखि चुकेको पाइन्छ। तिनीहरूले तिनीहरूको सामग्री र पैसा धेरै जसो वयस्कहरूलाई खर्च गरेको हुन्छ। ख्रीष्टको सुरूका चेलाहरूले पनि त्यही भूल गरेका थिए। बालबालिकाहरूतिर ध्यान लगाउनु त्यस्तो आवश्यक छैन भनेर तिनीहरूले ठानेका थिए। त्यस्तो खालको मनोवृत्तिप्रति येशू नाराज हुनुभएको थियो। उहाँले उहाँको हृदयमा बालबालिकाहरूको निम्ति पनि ठाउँ दिनुभएको थियो। बालबालिकाहरू उहाँको निम्ति अत्यन्त महत्त्व थियो।

बालबालिकाहरूलाई आदरभावले व्यवहार गर्न हामी पनि चुक्नुहुन्न।

## १. इस्राएली समाजमा यहूदी बालक हुनुको फाइदा (भजन १२७:३-५)

अरू राष्ट्रका बालबालिकाहरूको दाँजोमा यहूदी बालबालिकाहरूले विशेष ध्यान पाएका थिए। अरू राष्ट्रका धर्म तथा संस्कारहरूमा

बालबालिकालाई नरबली दिने चलन थियो। बालबालिकाहरूले कतिसम्म आर्थिक फाइदा गर्छन् भनेर अरू राष्ट्रले आर्थिक लाभसँग तिनीहरूलाई जोख्दथे। तिनीहरू कतिको परिश्रम गर्छन् र ठूला मानिसहरूको निम्ति तिनीहरू कतिको मूल्यवान बन्छन् भन्ने हिसाबमा तिनीहरूको मूल्याङ्कन हुन्थ्यो। दुर्भाग्यवस त्यस खालको मनस्थिति जतिसुकै बालअधिकारको ढ्याङ्ग्रो फुकेपनि आजको विश्वमा यथावत रहेको पाइन्छ।

इस्राएलीहरू परमेश्वरबाट पछि हट्नमा बालबालिकाहरूको मूल्यमान्यतामा गरेको व्यवहारले केही मात्रामा प्रभाव पारेको थियो भनेर बाइबलले स्पष्ट रूपमा देखाउँछ। उदाहरणमा इस्रायलमा राजाहरूको इतिहासको करिव करिव अन्तिम राजा मनस्से बोक्सीविद्यामा आफूलाई समावेश गरेको थियो। उसले आफ्ना छोराछोरीलाई नरबली चढाएको थियो (२ इतिहास ३३:६)। त्यस्तो बालबालिकालाई भोग दिने चलनमा लागेका केही राजाहरूमा ऊ पनि एक जना थियो। जब इस्राएलीहरू सक्षम् आत्मिक अगुवाहरूको नेतृत्वमा रहे तब तिनीहरूलाई आफ्ना बालबालिकाहरूलाई अत्यन्त मूल्यवान ठान्दथे।

बालबालिकाहरूप्रति परमेश्वरको माया कस्तो छ भनेर बाइबलमा विभिन्न पदहरूले देखाउँदछन्। बालबालिकाहरूलाई सम्मानपूर्वक व्यवहार गर्नुपर्छ भनेर बाइबलले सिकाएकोबाट हामीले के शिक्षा लिनुपर्दछ? हेर्नुहोस्: भजन १२७:३-५ “३ छोरा-छोरीहरू परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोरा-छोरीहरू उहाँका इनाम हुन्। ४ योद्धाको हातमा भएका काँड़हरूझैं, युवावस्थामा जन्मेका छोरा-छोरीहरू हुन्छन्, ५ त्यो मानिस धन्यको हो, जसको ठोक्रो तिनीहरूले भरिएका हुन्छन्। मूल ढोकामा आफ्ना शत्रुहरूको सामना गर्नुपर्दा,

तिनीहरू शर्ममा पर्नेछैनन्।" (रूपान्तरित), भजन १२८:३-६ “तिम्री पत्नी तिम्रो घरभित्र फलवन्त दाखको लताजस्तै, अनि तिम्रा छोरा-छोरीहरू तिम्रो टेबिलको वरिपरि जैतूनका मुनाहरूजस्तै हुनेछन्। ४ यसरी परमेश्वरको भय मान्ने मानिस आशिषित हुनेछ। ५ परमप्रभुले तिम्रो जीवनभर सियोनबाट तिमीलाई आशीर्वाद देऊन्। तिमीलाई यरूशलेमको समृद्धि देख्न पाओस्, ६ र तिमीले तिम्रा नाति-पनातिलाई देख्न पाऊ। इस्राएलमा शान्ति आओस्।", यर्मिया ७:३१ “आफ्ना छोराछोरीहरूलाई आगोमा बलि गर्न बेन-हिन्नोमको बेंसीमा तोपेतका

अल्गा ठाउँहरू तिनीहरूले बनाएका छन्। यस्तो आज्ञा मैले दिएको थिइनँ, न त त्यो कुरा मेरो मनमा उब्जेको थियो।" र व्यवस्था ६:६,७ “मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर।"

मैले आज तिमीहरूलाई सुनाएका आज्ञाहरू आफ्नो मनमा राख। व्य ११:१८-२० ७ ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। घरमा बस्दा, बाटोमा हिँड्दा, ढल्केर सुत्दा र उठ्दा तिनको चर्चा गर।"

**चाहे शिक्षादिक्षा दिनेमा होस् वा जन्मअधिकार प्राप्त गराउनेमा होस् र अरू धेरै संस्कारिक व्यवहारमा पनि यहूदीका बालबालिकाहरू पुरानो करारको समयमा कतिको मूल्यावान थिए भनेर स्पष्टरूपमा देखाइएको छ। बालबालिकाहरूले पाएका सम्मानजनक स्थानलाई येशूले अझ सुधार्नुभएको थियो भन्ने कुरामा अचम्म मान्नु आवश्यक छैन। बालबालिकाहरू पनि मानव जाति हुन्। ख्रीष्टको मृत्यु सबैको निम्ति हो। चाहे तिनीहरू सानो होस् वा वृद्ध होस्, उहाँ सबैको निम्ति मर्नुभएको थियो। यो आत्मज्ञानलाई हामी कहिल्यै पनि विर्सनु हुन्न।**

कतिपय उमेर पुगेकाहरू कस्ता पापी, दुष्ट भएका छन् भनेर विश्वास गर्नु धेरै गाऱ्हो त छ नै-फेरि आफ्नै छोराछोरीहरूलाई पनि निर्मम दुर्व्यवहार गर्ने स्वभावलाई स्वीकार गर्नु पर्दा त झन कस्तो गाऱ्हो छ। यो कुरा थाहा पाएर तिनीहरूलाई हामीले अझ धेरै माया गर्न, सुरक्षा दिन र आत्मिक रूपमा प्रभाव पार्न अझ कस्तो असल कदम चाल्नुपर्छ, सो सोच्नुहोस्।

## २. येशू र उहाँको बालककाल जीवन (लूका २:४०-५२)

**मानौं येशूले आफ्नो बालककाललाई उछिनेर हुर्केको र पाको उमेर भएको व्यक्ति भएर यस पृथ्वी ग्रहमा आउनुभयो रे! अनि त्यस्तो अवस्थामा बालबालिकाहरूसँग काम गर्ने क्षमताप्रति मानिसहरूका प्रश्नहरू कस्ता हुने होलान्? तर येशू ख्रीष्ट अरू बालबालिकाहरू जसरी हुर्कनु पर्छ त्यस्तै गरेर हुर्कनुभएको थियो। मानिस वढ्नुपर्ने कुनै पनि शारीरिक, मानसिक, वौद्धिक र आत्मिक स्वभावलाई नाघ्नु भएन। युवाहरूले सामना गर्नुपर्ने मोह र प्रलोभनहरू उहाँले बुझ्नुभएको थियो।**

**बालबालिकाहरूले भोग्ने भय र कमजोरीहरू उहाँले भोग्नुभएको थियो। सबै बालबालिकाहरूले सामना गर्नुपर्ने सबै चुनौतीहरूको उहाँले सामना गर्नुभएको थियो। उहाँको बालक जीवनले उहाँ मानव स्वभाव लिनुभएको थियो भन्ने हाम्रो मुक्तिदाताको अर्को उल्लेखनीय चरित्रलाई झल्काएको थियो।**

येशूको बालककाल कस्तो थियो भनेर लूका २:४०-५२ले यसरी बताउँदछः "बालक बुद्धिले भरिपूर्ण भएर बढ्दै र बलियो हुँदैजानुभयो, र परमेश्वरको अनुग्रह उहाँमाथि थियो। ४१ उहाँका आमा-बुबा निस्तारचाड़मा प्रतिवर्ष यरूशलेम जाने गर्थे। ४२ जब येशू बाह्र वर्षका हुनुभयो, तब उहाँहरू चाड़को रीतिअनुसार यरूशलेममा जानुभयो। ४३ चाड़का दिन सिद्धिएपछि तिनीहरू फर्कंदा बालक येशू यरूशलेममै रहनुभयो। योचाहिँ उहाँका आमा-बुबाले थाहा पाएनन्। ४४ उहाँ यात्रीहरूको दलमा हुनुहुन्छ भनी ठानेर तिनीहरू एक दिनको बाटो गए। उहाँलाई तिनीहरूले नातेदार र चिनाजानाहरूका बीचमा खोजे, ४५ तर नभेट्टाउँदा तिनीहरू उहाँलाई खोज्दै फेरि यरूशलेममा फर्के। ४६ तीन दिनपछि तिनीहरूले उहाँलाई मन्दिरमा शिक्षकहरूका बीचमा बसेर तिनीहरूका कुरा सुन्दै तिनीहरूलाई प्रश्न गरिरहनुभएको भेट्टाए। ४७ सुन्नेहरू सबै उहाँको समझ-शक्ति र उहाँका उत्तरहरूमा छक्क पर्दथे। ४८ उहाँलाई देखेर उहाँका आमा-बुबा चकित भए, र उहाँकी आमाले भनिन्, "छोरो, तिमीले हामीलाई यो के गरेको? हेर, तिम्रा बुबा र म हैरान भएर तिमीलाई खोजिरहेका थियौं।" ४९ उहाँले तिनीहरूलाई भन्नुभयो, "तपाईंहरूले मलाई किन खोज्नुभएको? के म आफ्ना पिताको घरमा हुनुपर्छ भन्ने तपाईंहरूलाई थाहा थिएन?" ५० तर उहाँले तिनीहरूलाई भन्नुभएको कुरा तिनीहरूले बुझेनन्। ५१ तब उहाँ तिनीहरूसँग नासरत जानुभयो, र तिनीहरूका आज्ञाकारी भई बस्नुभयो। उहाँकी आमाले यी सबै कुरा आफ्नो मनमा राखिन् ५२ अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसहरूको अनुग्रहमा बढ्दैजानुभयो।"

**"यहूदी संस्कार अनुसार जब कोही बालक बाह्र वर्षको उमेर पुग्थ्यो तब उसलाई बालककालबाट युवामा प्रवेश गरेको मानिन्थ्यो। जब यहूदी बालक त्यस वर्ष काटिन्थ्यो तब उसलाई व्यवस्थाको पुत्र र**

साथै परमेश्वरको पुत्र पनि भनेर कहलाइन्थ्यो। त्यसपछि उसलाई विशेष धार्मिक शिक्षादिक्षा दिइन्थ्यो। विभिन्न पवित्र चाडबाड र सेवाकार्यहरूमा भाग लिन उसबाट अपेक्षा गरिन्थ्यो। त्यही चलन अनुसार येशू पनि येरुशलेममा निस्तार चाडको समयमा जानुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. ७५बाट रूपान्तरित।

येशूले बुद्धिज्ञान पाउनु भयो र परमेश्वरले अनुग्रह दिनुभयो भनेर माथिका पदहरूले उल्लेख गर्दछन्। निस्तार चाडमा येशू मन्दिरमा तिन दिन सम्म रहेर रबी वा धुरन्धर यहूदी धर्मगुरूहरूसँग प्रश्नोत्तर गरिरहेकोले यो देखाउँदछ कि बालककालमै बाइबलको बारेमा उहाँमा ठूलो ज्ञान थियो। उहाँको त्यो विलक्षण प्रतिभादेखि ती गुरूहरू धेरै प्रभावित भएका थिए।

येशूको सिद्ध र पाको चरित्रको निर्माण गर्न धेरै बालककालको अनुभवहरूद्वारा परमेश्वरले प्रयोग गर्नुभएको थियो भन्ने निश्चित छ। उहाँले सिकर्मीकाम कुशलपूर्वक गर्नुभएको थियो। परमेश्वरमाथिको विश्वासमा अटल भएका आमाबाबु, नियमित बाइबल अध्ययन र नाजरथमा भएका मानिसहरूका प्रभावले येशूको हुर्कन्दै गरेको बालककाललाई प्रभाव पारेका थिए। येशू अचम्मको बालक हुनुहुन्थ्यो। तर अन्तमा उहाँ हामी जस्तै बालक नै भएर बिताउनुभएको थियो।

"बालक येशूले कुनै औपचारिक शिक्षा धार्मिक पाठशालाहरूमा पाउनु भएको थिएन। उहाँको प्रथम् मानव गुरू नै उहाँको आमा हुनुहुन्थ्यो। उनको ओठबाट र अगमवक्ताहरूका पवित्र धर्मशास्त्र मुठाबाट येशूले स्वर्गको बारेमा सिकेका थिए। आफ्नै आमाको घरमा उहाँलाई त्यही वचनहरू सिकाइएका थिए जुन् उहाँले नै मोशालाई सुनाउनुभएको थियो।"-एलेन जी ह्वाइट, दिजाएर अभ एजेज्, पृ. ७०बाट रूपान्तरित। एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको ती शव्दहरूको अर्थ के हुन् गहिरिएर सोच्नुहोस्। येशूलाई मानवकै स्थितिमा हुर्किएको थियो भनेर ती वचनहरूले कसरी पुष्टि गर्दछन्।

## ३. बालबालिकाहरूलाई निको पार्नुभएको (मत्ती ९:१८-२६)

देहायका पदहरू पढ्नुहोस् र यी प्रश्नहरूमा चिन्तन गर्नुहोस्: कसका बालबालिकाहरूलाई येशूले चङ्गाई गर्नुभएको थियो? तिनीहरूको पृष्ठभूमी र हामीमा केहि फरक छ त? यदि छ भने के भिन्नता तपाईंले

पाउनुभएको छ? आजको समयमा पनि हामीले तिनीहरूबाट के पाठ सिक्न सक्दछौं? हेर्नुहोस्ः **मत्ती ९:१८-२६ "जब उहाँले तिनीहरूलाई यी कुरा भन्दैहुनुहुन्थ्यो, तब सभाघरका एउटा शासक आए, र उहाँलाई दण्डवत् गरी भने, "मेरी छोरी भर्खरै मरी, तर आएर त्यसमाथि तपाईंको हात राखिदिनुहोस्, र त्यो जीवित हुनेछिन्। १९ येशू उठ्नुभयो र आफ्ना चेलाहरूसँग तिनको पछि लाग्नुभयो। २० त्यति नै बेला बाह्र वर्षदेखि रगत बग्ने रोग भएकी एउटी स्त्रीले पछिल्तिरबाट आएर उहाँका वस्त्रको किनार छोई। २१ किनकि त्यसले मनमनै सोचेकी थिई, " ×××मैले उहाँको वस्त्र मात्र छोएँ भने पनि म निको भइजानेछु।" २२ फनक्क फर्की हेर्दा येशूले त्यस स्त्रीलाई देख्नुभयो, र भन्नुभयो, "छोरी, साहस गर, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" त्यो स्त्री त्यही घड़ी निको भई। २३ अनि जब येशू शासकको घरमा आइपुग्नुभयो, उहाँले बाँसुरी बजाउनेहरू र भीड़ले खैलाबैला मचाइरहेका देख्नुभयो। २४ उहाँले तिनीहरूलाई भन्नुभयो, "बाहिर जाओ, किनकि ठिटी मरेकी छैन, तर सुतेकी छे।" तिनीहरूले उहाँको हाँसो गरे। २५ भीड़लाई बाहिर निकाल्नुभएपछि उहाँ भित्र पस्नुभयो, र त्यस ठिटीको हात समात्नुभयो, अनि त्यो ठिटी जुरुक्क उठी। २६ तब यस कुराको कीर्ति त्यस मुलुकभरि फिँजियो।", मर्कूस ७:२४-३०, "त्यहाँबाट उठेर उहाँ टुरोस र सीदोनका सीमातिर गएर एउटा घरभित्र पस्नुभयो। यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँ चाहनुहुन्थ्यो, तर उहाँ गुप्त रहन सक्नुभएन। २५ त्यसै बेला एउटी स्त्रीले उहाँको विषयमा सुनी र आएर उहाँको पाउमा परी– त्यस स्त्रीको छोरीलाई अशुद्ध आत्मा लागेको थियो। २६ त्यो सिरियाको फोनिकेमा जन्मेकी एउटी ग्रीक स्त्री थिई। त्यस स्त्रीले आफ्नी छोरीबाट भूत निकालिदेऊन् भनी उहाँलाई बिन्ती गरी। २७ उहाँले त्यसलाई भन्नुभयो, "पहिले छोराछोरीहरूलाई खान देऊ, किनकि छोराछोरीहरूका रोटी लिएर कुकुरहरूलाई फालिदिनु उचित होइन। २८ तर त्यसले उहाँलाई भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त छोराछोरीहरूले टेबिलमुनि खसालेका टुक्राहरू खान्छन्।" २९ उहाँले त्यसलाई भन्नुभयो, "तिमीले यसो भनेको कारण नै तिमी घर जाऊ। तिम्री छोरीबाट भूत निस्केर गएको छ।" ३० त्यो घरमा गई र छोरीलाई खाटमा सुतिरहेकी भेट्टाई र त्यसबाट भूतचाहिँ निस्किसकेको**

थियो।", लूका ९:३७-४३ "भोलिपल्ट जब येशू र ती चेलाहरू पहाड़बाट ओर्लनुभयो, एउटा ठूलो भीड उहाँलाई भेट्न आयो। ३८ भीड़बाट एक जना मानिसले कराएर भन्यो, "गुरुज्यू, म तपाईंसँग बिन्ती गर्दछु, मेरो छोरामाथि कृपा-दृष्टि गर्नुहोस्। किनकि त्यो मेरो एकमात्र छोरा हो। ३९ हेर्नुहोस्, एउटा दुष्टात्माले त्यसलाई पक्रन्छ, र त्यो अचानक चिच्च्याउँछ, र त्यसलाई ऐँठाउँछ र त्यसले फीँज काढ्न लाग्छ। त्यसलाई लछारपछार पारेर बल्लबल्ल छोड्छ। ४० त्यस दुष्टात्मालाई निकालिदेऊन् भनेर मैले तपाईंका चेलाहरूसँग बिन्ती गरें, तर तिनीहरूले सकेनन्। तब येशूले जवाफ दिनुभयो, "ए अविश्वासी र हठी पुस्ता, म कहिलेसम्म तिमीहरूसँग रहुँला, र तिमीहरूलाई कतिसम्म सहुँ? तिम्रो छोरालाई यहाँ ल्याऊ।" ४२ तर त्यो आउँदाआउँदै भूतात्माले त्यसलाई पछारिहाल्यो, र ऐँठ्न लाग्यो। तर येशूले त्यस अशुद्ध आत्मालाई हकार्नुभयो, र त्यस बालकलाई निको पारेर त्यसका बाबुलाई सुम्पिदिनुभयो। ४३ परमेश्वरको महानता देखेर तिनीहरू सबै छक्क परे। र यूहन्ना ४:४६-५४ "त्यसपछि उहाँ फेरि गालीलको काना नगरमा आउनुभयो, जहाँ उहाँले पानीलाई दाखमद्य बनाउनुभएको थियो। कफर्नहुममा एक जना उच्च अधिकारी थिए, जसको छोरो बिरामी थियो। ४७ येशू यहूदियाबाट गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए, अनि तिनको छोरालाई आएर निको पारिदिन भनी उहाँलाई बिन्ती गरे, किनकि तिनको छोरो मर्नै आँटेको थियो। ४८ येशूले तिनलाई भन्नुभयो, "तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ।" ४९ ती उच्च अधिकारीले उहाँलाई भने, "हजूर, मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस्।" ५० येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिम्रो छोरो बाँच्नेछ।" येशूले तिनलाई भन्नुभएको वचन ती मानिसले विश्वास गरे, र आफ्नो बाटो लागे। ५१ अनि तिनी जाँदैगर्दा बाटैमा तिनका चाकरहरूले तिनलाई भेटेर तिनको छोरा बाँच्यो भनी तिनलाई बताए। ५२ कुन घड़ीदेखि त्यसलाई सन्चो हुन लाग्यो भनी तिनले तिनीहरूलाई सोध्दा तिनीहरूले भने, "हिजो दिउँसो एक बजेदेखि जरोले तिनलाई छोड्यो।" ५३ येशूले तिनलाई "तिम्रो छोरो बाँच्नेछ" भन्नुभएको घड़ीदेखि नै हो रहेछ भनी बाबुले थाहा पाए। अनि

**तिनी आफैले र तिनका सारा परिवारले विश्वास गरे। ५४ यहूदियाबाट गालीलमा आएर येशूले गर्नुभएको यो दोस्रो चिन्ह थियो।"**

ती सबै कथाहरूको एउटै साझा विषयवस्तु छ। प्रत्येक मामिलामा चिन्तित आमाबाबु येशूकहाँ आएर आफ्नो बालक वा वालिकाको निम्ति सहयोग माग्न आएको पाइन्छ। आफ्नो बालक बिमार भएको बेलामा वा मर्न लागिरहेको बेलामा कुन् चाहिँ आमाबाबु चिन्तित, डर र विस्मात् नहोला र? प्रत्येक आमाबाबुले जुनसुकै युगमा पनि त्यस स्थिति भोगिनै रहेको हुन्छ।

येशू अविवाहित हुँदा उहाँ आफै बाबुको भूमिका त खेल्नुभएको थिएन। तर येशू मानव हुनुभएकोले नै अरू आमाबाबुहरूको पिरमर्का जान्नुभएर तिनीहरूका छोराछोरीहरूलाई निको पार्नुभएको थियो। कसैलाई पनि उहाँले रित्तै फर्काउनुभएन। सबै बालबालिकाहरूलाई निको पारेर उहाँको प्रेम स्पष्ट रूपमा देखाउनुभएको थियो। ठूलाहरूलाई मात्र होइन साना नानीहरूलाई पनि उहाँले त्यत्तिकै माया देखाउनुभएको थियो।

हुन त कतिसमयमा आमाबाबुहरूले आफ्ना बिमारी छोराछोरीहरू निको होउन् भनेर येशूसँग प्रार्थना गर्दछन् र निको नहुँदा धेरै प्रश्नहरू खडा भएको पाइन्छ। अझ हेर्दा हेर्दै आफ्नो छोरा वा छोरी मरेको देख्दा झन कस्तो विस्मात् होला, त्यसलाई व्यक्त गर्न सजिलो छैन। आफ्नो मरेको बालकलाई जलाउनु पर्दा वा गाड्नु पर्दा जस्तो मर्माहत अरू के होला र? मलामीमा जान वाध्य भएका त्यस्ता आमाबाबुले "उसको सट्टामा म मरेको भएपनि त हुन्थ्यो" भनेर कोलाहल गरेको सुन्दा कसको मन दुख्दैन होला र?

यद्यपि शारीरिक मात्र होइन आत्मिक रूपमा आफ्ना छोराछोरीहरू तल झरिरहेको देख्दा पनि आमाबाबुको निम्ति त्यत्तिकै पिडादायक हुनसक्छ। आफ्ना छोराछोरीहरू लागुको कुलतमा लाग्दा, यौन दुराचारको फन्दामा पर्दा वा आमाबाबु तथा आफ्नै स्वास्थमा पनि वेवास्ता गरेको हेरिरहनुपर्दा कुन् आमाबाबुको मन रूँदैन होला? तर प्रतिकुल समयमा पनि हामीले परमेश्वरमा भरोसा राख्न, उहाँको भलाई र मायाप्रति भर पर्न सिक्नैपर्छ। माथि उल्लेख गरेका कथाहरूमा पनि हामीलाई जस्तै ती आमाबाबुहरूले दुःख व्यहोर्नुपरेको थियो भनेर

उल्लेख गरिएको छ। परमेश्वरको सन्देश दिने अगमवक्ता एलेन जी ह्वाइटले पनि आफ्न दुई छोराहरूलाई गाड्नु परेको थियो। हाम्रो संसार कठिन र दुःखले भरिएको छ। तर हाम्रो परमेश्वर प्रेमिलो परमेश्वर हुनहुन्छ। जेसुकै भएतापनि त्यस सत्यतालाई हामीले पकडी राख्नुपर्दछ।

## ४. डरलाग्दो चेतावनी (मत्ती ११:२५,२६)

बाइबलमा धेरै यस्ता अर्तीहरू छन् जसले हामीलाई परमेश्वरमाथि आस्था तथा विश्वास राख्नु भनेको के हो भनेर सिकाउँदछन्। विश्वाससँग खेलबाड गर्ने मानिसको हविगत कस्तो हुन्छ भनेर येशूले केही अर्तीहरू सुनाउनु भएको थियो। हेरौं परमेश्वरमाथि सत् विश्वास गर्नु भनेको केहो र त्यसलाई खेलाँची नगर्न कोसँग तुलना गरेर हामीलाई सतर्क गराउन उहाँले सिकाउनुभएको केही अर्तीहरूः मत्ती ११:२५,२६ **"त्यस बेला येशूले भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राख्नुभयो, तर बालकहरूलाई ती प्रकट गर्नुभयो। २६ हो, पिता, किनकि तपाईंलाई यही असल लाग्यो।"** मत्ती १८:१-१४ **"त्यही समय चेलाहरू येशूकहाँ आएर सोधे, "स्वर्गको राज्यमा सबैभन्दा महान् को हो? २ उहाँले एउटा सानो बालकलाई नजिक बोलाएर तिनीहरूका माझमा उभ्याउनुभयो, ३ र भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, मन परिवर्तन भएर तिमीहरू साना बालकहरूजस्ता भएनौ भने कहिल्यै स्वर्गको राज्यमा पस्नेछैनौ। ४ जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ। ५ जसले मेरो नाउँमा एउटा यस्तो बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ। ६ "तर जसले ममाथि विश्वास गर्ने यी सानाहरूमध्ये एक जनालाई पाप गर्न लाउँछ, बरु त्यसको गलामा ठूलो जाँतोको ढुङ्गा बाँधेर त्यसलाई गहिरो समुद्रमा डुबाइदिनु असल हुन्छ। ७ "पाप गर्न लाउने परीक्षाहरूका निम्ति यस संसारलाई धिक्कार! पाप गर्न लाउने परीक्षा त आउँछ नै, तर धिक्कार, त्यस मानिसलाई जसद्वारा पाप गर्न लाउने परीक्षा आउँछ! ८ तिम्रो हात वा खुट्टाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटी मिल्काइदेऊ। दुवै हात वा दुवै खुट्टासाथ अनन्त आगोमा फालिनुभन्दा त बरु लुलो वा**

**लङ्गडो भएर जीवनभित्र पस्नु तिम्रो निम्ति असल हुन्छ। ९ तिम्रो आँखाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई निकालेर फालिदेऊ। दुवै आँखासाथ नरकको आगोमा फालिनुभन्दा त बरु कानो भएर जीवनभित्र पस्नु तिम्रो निम्ति असल हुन्छ। १० "होशियार रहो, तिमीहरूले यी सानाहरूमध्ये एक जनालाई पनि हेला नगर। किनभने म तिमीहरूलाई भन्दछु, स्वर्गमा तिनीहरूका दूतहरूले स्वर्गका मेरा पिताको दर्शन सदैव गरिरहन्छन्। ११ किनभने मानिसको पुत्र हराएकालाई बचाउन आएको हो। १२ "तिमीहरू के विचार गर्छौ? कोही मानिसका सय भेड़ामा एउटा भड्केर गयो भने, उसले उनान्सय वटालाई छोड़ेर पर्वत हुँदो गएर त्यस भड्केर जाने एउटालाई खोजी गर्न जाँदैन र? १३ यदि उसले त्यसलाई भेट्टायो भने, साँच्चै म तिमीहरूलाई भन्दछु, ती भड्केर नजाने उनान्सयभन्दा त्यस एउटाको लागि ऊ बढ़ी रमाउनेछ। १४ यसरी नै स्वर्गमा हुनुहुने तिमीहरूका पिताको यो इच्छा छ, कि यी सानाहरूमध्ये एक जना पनि नष्ट नहोस्।"**

बालकहरू अत्यन्त सरल, सोझो, इमान्दारी हुन्छन्। आफ्नो राज्यमा रहने मानिसहरू कस्तो हुनुपर्छ भनेर बालकहरूलाई तुलना गरेर त्यस्तै इमान्दारी हुनुपर्छ येशूले औंल्याउनुभएको थियो। बालकहरूमा हुने पत्यार गर्ने गुण, नम्रता र सोझोपना इसाईहरूमा पनि हुनुपर्छ भन्ने येशूको चाहना हो। जसरी बालकले आफ्ना आमाबाबुमाथि निशङ्कोच भरोसा राख्दछ त्यस्तै खालको सरल आस्था, विश्वास र भरोसा परमेश्वरमा राखेर हामी चल्नु पर्दछ।

अरूलाई येशूको भक्त बनाउने आधुनिक जिम्मेवार येशूभक्तले अर्को पाठ पनि सिक्नुपर्दछः बचपनको विश्वास बालकहरूले त्याग्नु आवश्यक छैन। यदि तिनीहरूलाई उचित तवरले शिक्षादिक्षा दिइयो भने तिनीहरूमा भएको आस्था पछिसम्म रहिरहने प्रवल सम्भावना छ। जव तिनीहरू परिपक्व हुन्छ र हुर्कन्दै गर्छ तिनीहरूका जिज्ञासाहरू धेरै नहुने त होइन। कतिपय मेटिन नसकेको जिज्ञासा, शङ्का र जवाफ नपाएका प्रार्थनाहरूसँग तिनीहरूले संघर्ष गर्नुपर्ने हुन्छ जो हामी सबैले पनि गरि नै रहेका हुन्छौं। तर बालकको जस्तो विश्वास कहिल्यै पनि पुरानो खालको भनेर पन्छिदैन। आमाबाबु र परिपक्व भएको हिसाबले हामी सबैले बालबालिकाहरूलाई परमेश्वर र उहाँको प्रेमको बारेमा

सिकाउनु भरमग्दुर प्रयास गर्नुपर्दछ। तर मुखले मात्र सिकाउनु भन्दा हामीहरूको आदर्श नमूना, दया र करूणा देखाएर तिनीहरूलाई सिकाउनु पर्दछ। हामीहरूको वचन भन्दा हामीहरूको जीवन तिनीहरूको निम्ति प्रभावकारी अर्ती हुन्छ। साथै हामीहरूले तिनीहरूको व्यक्तिगत क्रियाकलापमा चासो देखाएर तिनीहरूप्रति हामीहरूको ख्याल छ भनेर देखाउनु पर्दछ। हामीले तिनीहरूलाई धेरै अर्ती दिऔंला, प्रवचन सुनाऔंला तर बालबालिकाहरूलाई हामी परमेश्वरको प्रेमको अनुकरणीय उदाहरण बनेर सिकाउनु नै अति उत्तम शिक्षण उपाय हो।

विशेषगरेर जब चर्चले समर्थन गरेको वा संचालन गरेको क्रियाकलापमा कसैले अपराधिक मनिस्थिति बोकेर बालबालिकाहरूलाई व्यवहार गरिन्छ तब ती बालबालिकाहरूमा भएको परमेश्वर र चर्चप्रतिको आस्था नाश हुनसक्छ। बालबालिकाहरूलाई हेप्ने र परमेश्वरप्रति तिनीहरूको विश्वास मास्न खोज्ने मानिसहरूले भयङ्कर सजायँ पाउनेछन्। ख्रीष्ट र उहाँको सन्देशले भरोसा र विश्वास सिकाउँदछ। बालकको जस्तो विश्वास र बालकमा भएको विश्वाससँग खेलबाड गर्नु र बिगार्नु खोज्नु कसैको पनि अधिकार छैन।

सबै खालका नराम्रो परिस्थितिबाट बालबालिकाहरूलाई सुरक्षा गर्न र तिनीहरूको हितको निम्ति तपाईंको चर्चले के गरिरहेको छ? ती बालबालिकाहरूका स्वर्गदूतहरूको बारेमा येशूले भन्नुभएको सन्देशको अर्थ के हो "तिनीहरूका स्वर्गदूतहरूले मेरा पिताको अनुहार हेरिरहन्छन्।" (मत्ती १८:१०)? बालबालिकाहरूलाई दुःख दिने, हेप्ने वा दुर्व्यवहार गर्ने मानिसलाई परमेश्वरले ठूलो सँजाय दिनुहुन्छ भन्ने येशूको सन्देश थाहा पाउँदा तिनीहरूप्रतिको हाम्रो जिम्मेवारीपनालाई कसरी सतर्क गराउँछ?

## ५ साना बालबालिकाहरू मकहाँ आउन देओ (मर्कूस १०:१३-१६)

ख्रीष्टको हँसिलो र सत्कारयुक्त अनुहारले गर्दा साना बालबालिकाहरू उहाँकहाँ आउन अत्यन्त मन पराउँथे र उहाँले पनि तिनीहरूलाई माया गरेर आफूकहाँ आउन दिनुहुन्थ्यो। एक दिन केही बालबालिकाहरू उहाँकहाँ आउन अघि सरेका थिए तर उहाँका चेलाहरूले "यी केटाकेटीहरू किन आए?" भनेर हप्काएर पन्छाउन खोजेका थिए तर येशूले नै ती बालबालिकाहरूप्रति गरेको व्यवहारदेखि

नाराज भएर चेलाहरूलाई हप्काउनु भयो। उहाँको त्यो व्यवहारले हामी पनि साना बालबालिकाहरूप्रति कस्तो मनस्थिति बोकेर रूची देखाउनुपर्छ भन्ने बालमनोवैज्ञानिकतालाई आत्मसात् गर्नुपर्छ। मर्कूस १०:१३-१६मा दिएको एक छोटो घट्नालाई हेरौं: "मानिसहरूले साना बाल-बालिकाहरूलाई येशूले छोइदेऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए, तर चेलाहरूले तिनीहरूलाई हकारे। १४ तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो। १५ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन।" १६ अनि उहाँले तिनीहरूलाई काखमा लिएर तिनीहरूमाथि आफ्नो हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो।"

मानिसहरूले साना बाल-बालिकाहरूलाई येशूले छोइदेऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए, तर चेलाहरूले तिनीहरूलाई हकारे। १४ तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो। १५ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन।" मत्ती १८:३ १६ अनि उहाँले तिनीहरूलाई काखमा लिएर तिनीहरूमाथि आफ्नो हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो।

कहिलेकाहिँ ठूलो मानिसले ठिकै सोचेतापनि गलत हुनसक्दछ। येशू प्रवचन दिन वा अर्ती सुनाउन व्यस्त हुनुहुन्थ्यो। उहाँको अगाडि ठूलावडा मानिसहरू हुल गरेर उहाँलाई सुनिरहेका थिए। येशूको आशिष पाउन केही आमाबाबुहरूले आफ्ना बच्चाहरू लिएर आएका थिए। हुललाई उछिन्दै तिनीहरू येशूकहाँ जान खोज्दा उहाँको काममा वाधा नहोस् भनेर ती आमाबाबुहरूलाई चेलाहरूले "नआऊ, नआऊ" भनेर हप्काएर फर्काउन खोजेका थिए। अर्ती दिनमा व्यस्त गुरूलाई कसैले बाधा नपुऱ्याओस् भन्ने चेलाहरूको मनशाय त गलत थिएन तर येशूको अगाडि तिनीहरूको मनशाय गलत भएको थियो। येशूको बहुमूल्य समय केटाकेटीहरूले खेर नपठाओस् र उहाँको समय र बल बरू कुनै

महत्त्वपूर्ण कुराहरूमा लगाओस् भन्ने चाहनाले नै बालबालिकाहरूलाई आउन नदिएको थियो, तर येशूको अभिप्रायलाई तिनीहरूले बुझ्न सकेको थिएन। "जो कोही उहाँकहाँ आओस् र मुक्ति पाउन्" भन्ने येशूको नितिलाई ती चेलाहरूले बुझ्न कठिन भएको थियो।

रूखो ठूलाबडाहरूले तपाईंलाई पन्छाउन खोज्दा तपाईंको मन कस्तो होला सोच्नुहोस् र फेरि येशूको मायालु र रूची देखाउने व्यवहार गरेर तपाईंलाई उहाँको काखमा राखेर सुमसुम्याएर अङ्गालो मार्दा तपाईंलाई कस्तो भयो होला, त्यो पनि सोच्नुहोस्। बालबालिकाहरू पनि उहाँलाई अङ्गालो मार्न पुग्दा अचम्म मान्नु परेको थिएन। येशूको बारेमा सुसमाचार सुनाउने जिम्मा लिएका उहाँका भक्तहरूले साना बालबालिकाहरूलाई कस्तो व्यवहार गर्नुपर्छ भन्ने येशूको अनुकरणीय उदाहरणलाई आत्मसात् गर्नु अत्यन्त जरूरी छ।

"येशूकहाँ ल्याइएका बालबालिकाहरूमा उहाँले ती हुर्कने पुरूष र महिलाहरू देख्नुभएको थियो जो उहाँको अनुग्रहलाई ग्रहण गर्ने र भविष्यमा उहाँको राज्यका सेवकहरू हुने थिए। तिनीहरूमध्ये कतिले उहाँको निम्ति आफ्नो जीवन बलिदान गर्नेहरू पनि उहाँले देखेका थिए। ठूलाबडाहरूले भन्दा ती साना बालबालिकाहरूले येशूको कुरालाई रूचीमानेर सुन्ने छन् र उहाँलाई तिनीहरूको मुक्तिदाता भनेर तुरन्तै ग्रहण गर्नेछन् भन्ने कुराको ख्याल उहाँले गर्नुभएको थियो। कतिपय ठूलावडाहरू सांसारिक रूपमा आफू ज्ञानी र वुद्धिमानी भएको भनेर दावी गर्दथे र अरूप्रति तिनीहरूको मन पत्थरको जस्तो पनि थियो। आफूले दिने शिक्षादिक्षामा येशू ती बालबालिकाहरूको स्तरमा ओर्लनु भएको थियो। बालबालिकाहरूले सोधेका प्रश्नहरू जगतको राजा येशूले जवाफ दिन कहिल्यै पनि झर्को मान्नु भएको थिएन। येशूले आफ्ना पाठहरू यस्तरी सरल बनाउनुभएको थियो कि बालबालिकाहरूको दिमागले बुझ्न सकेका थिए। बालबालिकाहरूको दिमागमा येशूले सत्यको बिऊ रोप्नुभएको थियो। पछि गएर ती बिऊहरू उम्रेर अनन्त जीवनको निम्ति फल फलाउने थिए।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ५१२-५१३बाट रूपान्तरित।

बालककालमा घटेको अप्रिय घट्ना, सहनु परेको दुर्व्यवहार, दुःख पिडामा होमिनु पर्ने हविगतले गर्दा कतिपय मानिसहरू ठूलो

भएतापनि त्यस बेलाको सम्झनाले थिची राखेकाहरू प्रशस्तमात्रामा हाम्रो संसारमा छन्। ती मानिसहरूको बारेमा ख्यालमा राखी बालबालिकाहरूलाई कसरी नरमतरिकाले, होशियारपूर्वक, मायालु तथा मृदुस्वभाव र प्रार्थनापूर्वक व्यवहार गर्नुपर्छ भन्ने मनस्थितिमा प्रत्येक येशूभक्त सजग रहनुपर्दछ।

## उपसंहारः

थप जानकारीः **बालबालिकालाई कसरी मानवतापूर्वक व्यवहार गर्नुपर्छ भन्ने सन्दर्भमा एलेन जी ह्वाइटले धेरै सामग्रीहरू लेखेका छन्। तिनीहरूमा *डिजाएर अभ एजेजको* पृ. ५११-५१७को "ब्लेशिङ्ग द चिल्ड्रेन", पृ. ५९२को "द टेम्पल क्लिन्स एगेन", *टेस्टिमोनिज फर द चर्च,* ठेली ६को पृ.९३-९५को "बप्तिजम", *एजुकेशन* पृ. १८५,१८६को "बाइबल टिजिङ्ग एण्ड स्टडी" केही हुन्।**

"सुसमाचारको बारेमा शिक्षादिक्षा ग्रहण गर्नेहरूमा हुर्केकाहरू भन्दा बालबालिकाहरू अझै पनि अग्रपन्थीमा भएको पाइन्छ। परमेश्वरको प्रभावको निम्ति तिनीहरूको हृदय खुला भएका हुन्छन्। तिनीहरूले बालककालमा सिकेका पाठहरू तिनीहरूका हृदयमा गहिरो छाप परेको हुन्छ र तिनीहरूले त्यसलाई हतपत बिर्सन्दैनन्। तिनीहरूको स्तर अनुसार सिकेका सत्य आत्मज्ञानहरूलाई पछ्याउँदै ती साना बालबालिकाहरू येशूभक्त हुनसक्दछन्। आत्मिका शिक्षादिक्षा तिनीहरूले पाउनु आवश्यक छ। तिनीहरूको चरित्र तथा स्वभाव येशूको जस्तो बिकसित गराउन आमाबाबुले भरसक सबै अवसरहरू उपलव्ध गराउनुपर्दछ।

"आफ्ना छोरा छोरीहरू परमेश्वरको परिवारको कलिला सदस्यहरू हुन् भनेर बाबु तथा आमाहरूले हेर्नुपर्दछ। स्वर्गको बारेमा शिक्षादिक्षा दिन ती आमाबाबुहरूले जिम्मेवारी लिनुपर्दछ। हामीले ख्रीष्टबाट सिकेका पाठहरू हाम्रा छोराछोरीहरूलाई दिनुपर्दछ। तिनीहरूका कलिला दिमागले बुझ्न सक्ने गरेर ख्रीष्टको ज्ञान सिकाउनु पर्दछ। यसरी अलि अलि गरेर स्वर्गको सुन्दर नितिहरू तिनीहरूको अघि खोलिदिनुपर्दछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ५१५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. ठूलो भएपछि भन्दा सानै उमेरमा ख्रीष्टलाई ग्रहण गर्ने चलनलाई तपाईंले के भन्नु हुन्छ? कतिपय विश्वासमा नलागेका मानिसहरूले भन्लान् "तिनीहरू सानै छन् र वेकामको सत्यज्ञानहरू तिनीहरू केलाएर बुझ्न सक्दैनन्।" तर अर्को पक्षमा भन्ने हो भने के तिनीहरूको हृदय हुर्केकाहरूको जस्तो कठोर नभएर कोमल भएर हो कि? हुनसक्छ पवित्र आत्माको अगुवाईलाई तिनीहरूले सजिलैसँग बुझ्न तिनीहरूको हृदय खोलिएको होला।

आ. साना बालबालिकाहरूको सामु ख्रीष्टको चरित्र पुऱ्याउन आजको चर्चले के गर्न सक्छ? विभिन्न किसिमका पहिरन वा स्टाइलमा लागेका युवायुवतीहरूतिर मित्रभाव देखाएर चर्चका सदस्यहरूले तिनीहरूको मन कसरी जित्न सक्दछ? युवा जनशक्तिलाई प्रयोग गर्न चर्चका सारा सदस्यहरू कसरी संलघ्न हुनसक्दछ?

इ. बप्तिस्मा लिन चाहने र जीवनशैलीलाई सुधारेर ख्रीष्टको पछि लाग्न चाहने युवायुवतीहरूलाई तयार पार्न चर्चले कुन् कदम चाल्न सक्दछ?

ई. कस्तो खालको स्वभावले गर्दा बालबालिकाहरूको बारेमा येशूले यस्तो उदगार व्यक्त गर्नुभयो सो सोच्नुहोस्, "तिमीहरू साना बालबालिकाहरू जस्तो भएर परिवर्तन हुनुपर्दछ। यदि तिमीहरू त्यसरी परिवर्तन भएनौ भने तिमीहरू कहिल्यै पनि स्वर्गमा पस्न सक्दैनौ।" (मत्ती १८:३ रूपान्तरित)। येशूले त्यहाँ के भन्न खोज्नुभएको छ? फेरि त्यसै वखत उहाँले के भन्न खोज्नुभएको छैन?